# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६ / ९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


## संविधान दिवसको अवसरमा शुभकामना सन्देश !

असोज ३ गते अर्थात् नेपालको संविधान जारी भएको ऐतिहासिक दिन संविधान दिवस हो। यस अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका चौरजहारी नगरवासी आमाबुवा, दाजुभाइ, दिदीबहिनीहरूका साथै समस्त नेपालीहरूमा सुख, शान्ति, सु-स्वास्थ्य, दीर्घायू, उत्तरोत्तर प्रगतिका साथ समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपालको संविधान नेपाली जनताको रगत र पसिनाको उपज हो। संविधान जारी भएको ऐतिहासिक दिनमा ज्यानको आहुति दिने महान सहिदहरूप्रति उच्च सम्मानसहित भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। घाइते, बेपत्ता योद्धाप्रति उच्च सम्मान प्रकट गर्दछु। जनसंविधान प्राप्तिका लागि भएका गौरवपूर्ण ऐतिहासिक जनयुद्ध, जनआन्दोलन लगायतका सबैखाले मुक्तिको आन्दोलनका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने आम जनसमुदायप्रति हार्दिक आभार प्रकट गर्दछु।

सङ्घीयता, गणतन्त्र, समानुपातिक समावेशी, धर्म निरपेक्षता, जातीय छुवाछुतमुक्त राष्ट्र संविधानका महत्त्वपूर्ण उपलब्धी हुन्। संविधान असंशोधनीय दस्तावेज होइन। पछिल्लो समय जेन जी पुस्ताले प्रत्यक्ष निर्वाचित कार्यकारीसहितको शासकीय स्वरुप, भ्रष्टाचार नियन्त्रण, सुशासनका सन्दर्भमा उठाएका आवाजहरू जरुरी र सान्दर्भिक छन्। प्राप्त उपलब्धीको रक्षासँगै जेन जी पुस्ताका जायज मागहरूलाई संविधानमा समावेस गरी अगाडि बढ्नु अहिलेको आवश्यकता हो। संविधानले प्रदत्त गरेका स्थानीय तहका अधिकारहरूको कार्यान्वियन र संस्थागत विकासका लागि चौरजहारी नगरपालिका प्रतिवद्ध छ। सामाजिक न्यायमा आधारित समतामूलक समाजको परिकल्पना गर्दै समाजवादउन्मुख अर्थतन्त्र निर्माण गर्ने संविधानको मुलमर्मको कार्यान्वयनलाई मुख्य दायित्त्व सम्झेका छौं। गुणस्तरीय शिक्षा, कृषिको व्यवसायीकरण, पर्यटन विकास, पूर्वाधार निर्माण, वातावरण संरक्षण, स्वरोजगार र सुशासन प्रवर्धन हाम्रो सङ्कल्प हो। यसको कार्यान्वयनको अनुभूति दिलाउँन हामी निरन्तर क्रियाशील छौं।

**अन्त्यमा**, प्राप्त उपलब्धिको जगेर्ना र सुशासन, विकास र समृद्धिका लागि सकरात्मक सोचका साथ सबैले हातेमालो गर्न चौरजहारीमा क्रियाशील राजनीतिक दल, शिक्षक, कर्मचारी, युवा, व्यापारी, वुद्धिजीवि, पत्रकार सहित आम नगरवासी जनसमुदायलाई आह्वान गर्दछु। हाम्रो मुल नारालाई सार्थक बनाउन चौरजहारी नगरवासी जनसमुदायको सधैं साथ र सहयोग रहने विश्वास लिएको छु। धन्यवाद !

पुष्प वादी
नगर प्रमुख

**३ असोज, २०८२**

**पुष्प वादी**
**नगर प्रमुख**